सर्वोच्च अदालत, संयुक्त इजलास
मानिनीय न्यायाधीश श्री सपना प्रधान मल्ल
मानिनीय न्यायाधीश श्री शारङ्गा सुवेदी

संक्षिप्त आदेश

०८०-WO-१०६०

विषयः उत्प्रेषणयुक्त परमादेश समेत।

| | |
|---|---|
| जिल्ला गोरखा, खोप्लाङ गाउँ विकास समिति, वडा नं. ६ को परिवर्तित पालुङटार नगरपालिका, वडा नं. १ घर भई हाल गण्डकी प्रदेश सभा सदस्य एवम् सो सभाका नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे.........................................१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| माननीय प्रदेश प्रमुख, डिल्लीराज भट्ट, प्रदेश प्रमुखको कार्यालय, पोखरा गण्डकी प्रदेश.........................................................................................१<br>माननीय सभामुख कृष्णप्रसाद धिताल, प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश पोखरा.........................................................................................१<br>माननीय मुख्यमन्त्री खगराज अधिकारी तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखरा .........................................................................................१<br>गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पोखरा.........................................................................................१ | विपक्षी |

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ।

## संक्षिप्त तथ्य

१. म निवेदक गण्डकी प्रदेश सभाका वहुमत सदस्यहरुको समर्थनमा मिति २०८०।०१।१५ देखि गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री पदमा रहदै आएकोमा नेकपा माओवादी केन्द्रले मिति २०८०।११।२३ मा समर्थन फिर्ता लिएपछि प्रदेश प्रमुख समक्ष मिति २०८०।१२।२१ मा मैले मुख्य मन्त्री पदवाट राजिनामा गरेपछि प्रदेश प्रमुखवाट मिति २०८०।१२।२७ गते अपरान्ह ३ वजे सम्मको समय तोकी नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिम वहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई मुख्य मन्त्री पदमा नियुक्ति गर्नका लागि दावी प्रस्तुत गर्ने गरी सूचना प्रकाशित गर्नु भयो। प्रदेश प्रमुखले आफूले दिएको समय सिमा अगावै मिति २०८०।१२।२५ मा नै विपक्षी खगराज अधिकारीलाई मुख्य मन्त्रीमा नियुक्ति गरी सपथ ग्रहण गराउनु भएको छ। अन्य दलको समर्थनमा मुख्य मन्त्री पदमा नियुक्त हुने अवसर निवेदकलाई रहेको र सो हुन नसके नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम प्रदेशको मुख्य मन्त्रीमा नियुक्ति हुने अवस्था रहदा रहदै मुख्य मन्त्रीमा नियुक्ति गर्ने कार्य नेपालको संविधानको धारा १६८ को उपधारा २ को संवैधानिक व्यवस्थाको मर्म र भावना विपरीत छ। गण्डकी प्रदेश सभाको कूल सदस्य संख्या ६० रहेको र मुख्य मन्त्री पदमा नियुक्त भई सरकार सञ्चालन गर्न आवश्यक संख्या ३१ हुनेमा कुनै विवाद छैन। गण्डकी प्रदेश सभामा सवैभन्दा ठूलो दलको हैसियतमा नेपाली कांग्रेसको सिट संख्या २७ मा प्रतिनिधित्व रहेको छ । नेकपा एमालेको-२२, नेकपा माओवादी केन्द्रको- ७, स्वतन्त्र सांसद-१, नेपाली समाजवादी दल-१, राप्रपा -२ प्रदेश सांसद रहेकोमा माननीय कृष्णप्रसाद धितालको नेकपा (माओवादी केन्द्र) वाट प्रतिनिधित्व रहेपनि नेपालको संविधानको धारा १८२ बमोजिम प्रदेश

सभाको सभामुख रहनु भएकोले सरकार गठनका लागि उहाँको प्रतिनिधित्व गणना हुन सक्ने होइन ।

यस अघि निरुपण भएको रिट निवेदक हिक्मत कुमार कार्की विरुद्ध प्रदेश प्रमुख कोशी प्रदेश समेत भएको रिट नं. ०८०-WF-०००१, मिति २०८०।०४।११ मा सभामुख समेतलाई सरकार गठनका लागी वहुमत पुन्याउन प्रयोग गरिएको प्रश्नको वैधानिकता समावेश भएको र प्रदेशको सभाको अध्यक्षता गरिरहेको व्यक्तिले विश्वासको मतको मतदान कार्यमा भएको मतदानमा संलग्न भएको रिट नं. ०८०-WF-००१२, मिति २०८०।०५।२१ को दुवै रिट निवेदनमा सम्मानित अदालतवाट सिद्धान्त स्थापित भइसकेको छ । माननीय मुख्य मन्त्री खगराज अधिकारीले पेश गर्नुभएको दावी पत्रमा सभामुखलाई समेत दलीय प्रतिनिधिमा गणना गरी नेकपा माओवादी केन्द्रको हुँदै नभएको संख्यासमेत जोडी विपक्षी खगराज अधिकारीलाई मुख्य मन्त्री पदमा नियुक्त गरी सरकार गठन गरी सपथ ग्रहण गर्ने लगायतका सम्पूर्ण निर्णय कामकारवाहीहरु संवैधानिक प्रावधानको विपरीत भएको हुँदा उक्त मिति २०८०।१२।२५ को दावी पत्र, ऐ. मितिकै मुख्यमन्त्री नियुक्त गरेको निर्णय पत्रसमेत उत्प्रेषणको आदेशले वदर गरी नेपालको संविधानको धारा १६८ को उपधारा ३ बमोजिम प्रदेश सभामा सबैभन्दा वढी सदस्यहरु भएको ठूलो दल नेपाली कांग्रेस गण्डकी प्रदेश सभा संसदीय दलको नेताको हैसियतले म रिट निवेदकलाई मुख्यमन्त्री पदमा नियुक्ति गर्नू गराउनू भनी परमादेशको आदेश समेत जारी गरीपाउँ भन्नेसमेत व्यहोराको सुरेन्द्रराज पाण्डेको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम उत्प्रेषण समेतको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सो खुलाई गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत मिति २०८१।१।७ गते शुक्रवार बेलुकी ३:०० बजेभित्र मिति २०८०।१२।२५ मा गण्डकी प्रदेश प्रमुखबाट माननीय खगराज अधिकारी, प्रदेश सभा सदस्य, गण्डकी प्रदेशलाई नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्री पदमा गरिएको नियुक्ति सहित तत्सम्बन्धी कागजात समेत सक्कलै फायल साथै राखी लिखित जवाफ पेश गर्नुहोला भनी यो आदेश र रिट निवेदन पत्रको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका

नाउँमा म्याद सूचना जारी गरी तामेल गर्नू गराउनू भन्ने यस अदालतको मिति २०८०।१२।२८ को आदेश।

३. रिट निवेदक सुरेन्द्रराज पाण्डेले मिति २०८०।१२।२१ गते नेपालको संविधानको धारा १६९ को उपधारा १ को देहाय क बमोजिम राजिनामा दिनु भएकोले मिति २०८०।१२।२१ मा नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा वढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई मिति २०८०।१२।२७ गते दिउँसो ३.०० बजेभित्र गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीको नियुक्तिको लागि दावी पेश गर्न आह्वान गरेको हो। मिति २०८०।१२।२५ गते प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र प्रदेश सभा सदस्य मा. राजीव गुरुङको समर्थनमा माननीय श्री खगराज अधिकारीले मुख्यमन्त्री पदमा नियुक्ति गरियोस भनी दावी पेश गर्नु भएको हो । सोही दिन मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुख्यमन्त्री नियुक्त नगरियोस भनी निवेदन दिनु भएको हो । गण्डकी प्रदेशसभाको ६० सदस्य मध्ये बहुमत प्राप्त गर्न सक्ने अवस्था देखिएको हुँदा मिति २०८०।१२।२५ गते दावी पेश गर्नु भएका माननीय खगराज अधिकारीलाई नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्री पदमा नियुक्त गरेको हो। बहुमतको परीक्षण गर्ने कार्य संविधानको धारा १६८ को उपधारा ४ बमोजिम प्रदेश सभामा विश्वासको मतको प्रस्ताव उपर छलफल भई निष्कर्षमा पुग्नु अगावै दायर भएको अपरिपक्व रिट निवेदन खारेज गरि पाऊँ भन्नेसमेत व्यहोराको गण्डकी प्रदेश, प्रदेश प्रमुख डिल्लीराज भट्टले पेश गरेको लिखित जवाफ।

४. रिट निवेदक २०७९ मंसिरमा भएको निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट गण्डकी प्रदेश सभा सांसदमा निर्वाचित हुनु भएको हो । प्रदेश सभा निर्वाचनमा नेपाली कांग्रेस-२७, नेकपा एमाले-२२, नेकपा माओवादी केन्द्र-८, राप्रपा-२, स्वतन्त्र-१ साँसद निर्वाचित हुनु भएको छ । रिट निवेदकले मिति २०८० फाल्गुन २३ मा नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि २०८० साल चैत्र २१ गते राजिनामा दिनु भएको हो ।

५. रिक्त मुख्यमन्त्री पदमा प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिम दावी पेश गर्न मिति २०८०।१२।२७ सम्मको समय दिनु भए बमोजिम मिति २०८०।१२।२५ गते प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र प्रदेश सभा सदस्य राजीव गुरुङको समर्थनमा मैले मुख्यमन्त्रीमा दावी पेश गरे बमोजिम सोही दिन प्रदेश प्रमुखवाट नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मलाई मुख्यमन्त्री पदमा नियुक्ति गर्नुभएको हो । नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिम वहुमत सभासदहरुको समर्थन रहेकोले विपक्षीले दावी पेश गर्न सक्ने अवस्था छैन । मेरो मुख्य मन्त्रीको नियुक्ति प्रकृया नेपालको संविधानको धारा १६८ को उपधारा ४ को संवैधानिक शर्त र प्रक्रियाको अधिनस्थ भएकोले सो संवैधानिक शर्त र प्रक्रियाको पालना गर्ने गराउने संवैधानिक कर्तव्य एवम दायित्वको अवस्था वा चरणलाई पर्खदै नपर्खी अपरिपक्व अवस्थामै दायर भएको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको गण्डकी प्रदेशको मुख्यमन्त्री खगराज अधिकारीको लिखित जवाफ।

६. गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुखवाट मिति २०८०।१२।२१ मा नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा वढी दलहरूको समर्थनमा बहुमत प्रास गर्न सक्ने प्रदेश सभाको सदस्यलाई मिति २०८०।१२।२७ गते मंगलबार दिउँसो ३:०० वजेभित्र गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीको नियुक्तिको लागि दावी पेश गर्न आह्वान गर्नुभएको हो। त्यसरी आह्वान भए वमोजिम मिति २०८०।१२।२५ गते माननीय प्रदेश प्रमुखले प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेपाल कम्युनिष्ट पार्टी (एमाले) का संसदीय दलका नेता माननीय खगराज अधिकारीलाई गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्ति गर्नुभएको हो। नेपालको संविधानवमोजिम अधिकारप्राप्त निकायवाट भएको नियुक्ति सम्बन्धमा यस कार्यालय समेतलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट ऐ.का प्रमुख सचिव श्री लक्ष्मीकुमारी बस्नेतको लिखित जवाफ।

७. म कृष्ण प्रसाद मिति २०७९।९।३० मा प्रदेश सभाको सभामुख पदमा निर्वाचित भएको छु। गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मिति २०८०।१२।२१ मा पदवाट दिएको राजीनामा दिएपछि सोही दिन प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि मिति २०८०।१२।२७ गते अपरान्ह ३.०० बजेसम्म दावी पेश गर्न समय दिनुभएको हो । प्रदेश सभामा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता माननीय खगराज अधिकारीले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दल र माननीय सदस्य राजिव गुरुङको समर्थन लिई मिति २०८०।१२।२५ गते प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गरियोस् भनी दावी पेश गर्नुभएको हो। सो बमोजिम माननीय सदस्य खगराज अधिकारीलाई संविधानको धारा १६८ को उपधारा २ बमोजिम सोही दिन गण्डकी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गर्नुभएको हो । यो विषय नेपालको संविधानको धारा १६८ को उपधारा ४ बमोजिम प्रदेश सभावाट विश्वासको मत परीक्षण हुने कार्य बाँकी रहेको र सभामुख वा अध्यक्षता गर्ने व्यक्तिले मताधिकारको प्रयोग गरेको अवस्था होइन। सरकार गठनको विभिन्न विकल्पहरुको अध्ययन नगरी सभामुखको समेत प्रतिनिधित्व भएको भनी दायर भएको रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको गण्डकी प्रदेश सभाका माननीय सभामुख कृष्ण प्रसाद धितालको लिखित जवाफ।

८. नियम वमोजिम पेशी सूचीमा चढी निर्णयको लागि पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फवाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री राधेश्याम अधिकारी, श्री प्रेमबहादुर खड्का, श्री पूर्णमान शाक्य, श्री दिनेश त्रिपाठी, श्री विजय प्रसाद मिश्र, श्री यदुनाथ खनाल, श्री गोपाल कृष्ण घिमिरे, श्री सिताराम के.सी. तथा विद्वान् अधिवक्ताहरू श्री खम्व वहादुर खाती, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री जनक सिंह साउद, डा. श्री शिव कुमार यादव, श्री त्रिलोक बहादुर चन्द, श्री तुलसीराम पोखरेल, श्री सोम बहादुर राई, श्री नितिका ढुङ्गाना, श्री दिना श्रेष्ठ, श्री ज्ञानेन्द्रराज आरण, श्री सन्तोष भण्डारी, श्री देव बहादुर महत र श्री सम्झना खनालले नेकपा माओवादीका प्रदेश सांसद कृष्ण प्रसाद धितालको प्रतिनिधित्व नेपालको संविधानको धारा १८२ बमोजिम सभामुख पदमा निर्वाचित भैसकेको अवस्था छ । सम्बन्धित

दलको संसदीय दलको संख्यामा निजको प्रतिनिधित्व गणना गर्न मिल्दैन । अध्यक्षता गर्ने व्यक्तिको नाम दावी पत्रमा उल्लेख गर्न मिल्दैन। सभामुख वा अध्यक्षता गर्ने व्यक्तिको भुमिका तटस्थ वा निस्पक्ष हुने हो। नेपालको संविधानको धारा १८६ ले अध्यक्षता गर्ने व्यक्तिलाई विश्वास र अविश्वासको प्रस्तावमा मत दिने अधिकार छैन । संविधानको धारा १६८ को उपधारा २ को प्रक्रियामै त्रुटि हुँदा सोही विन्दुबाट वदर हुनुपर्छ । असंवैधानिक रूपमा पेश भएको दावीको आधारमा भएको मुख्य मन्त्रीको नियुक्ति उत्प्रेषणको आदेशले वदर हुनुपर्दछ । ६० प्रदेश सभा सदस्य भएको गण्डकी सभामा सवैभन्दा ठूलो दल नेपाली कांग्रेसको २७ जनाको प्रतिनिधित्व रहेको अवस्था छ । गण्डकी प्रदेश सभा संसदीय दलको नेता रिट निवेदक भएको हुँदा निजलाई मुख्यमन्त्री पदमा नियुक्ति गर्नु गराउनु भनी परमादेशको आदेश समेत जारी हुनुपर्छ भनी वहस गर्नु भयो।

९. विपक्षी गण्डकी प्रदेश प्रमुख, प्रदेश सभामुख र प्रदेश सभा सचिवालयको तर्फवाट उपस्थित विद्वान् महान्यायाधिवक्ता डा. श्री दिनमणी पोखरेल, नायव महान्यायाधिवक्ता डा. श्री टेक बहादुर घिमिरे र सह न्यायाधिवक्ता श्री खेमराज ज्ञवाली र विपक्षी प्रदेश सभामुखको तर्फवाट वरिष्ठ अधिवक्ता श्री राम नारायण विडारीले प्रदेश प्रमुखले गण्डकी प्रदेश सभाका ६० मध्ये ३१ सदस्यको नाम सहित खगराज अधिकारीले मुख्यमन्त्रीमा दावी पेश गर्नु भएको अवस्था छ। सोको आधारमा निजलाई प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिम मुख्य मन्त्रीको पदमा नियुक्ति गरेको हो। नेपालको संविधानको धारा १६८ को उपधारा ४ वमोजिम नियुक्त भएको मितिले तीस दिनभित्र प्रदेश सभावाट विश्वासको मत प्राप्त गर्दा परीक्षण हुने विषय हो। सभामुखको नाम दलीय अभिलेखमा कायम रही रहेको अवस्था छ। हाल निजको संख्या सम्म गणना हुने विषयलाई कुनै पनि संवैधानिक प्रावधान र संसदीय अभ्यास एवम् परम्पराले निषेध गरेको छैन। अध्यक्षता गर्ने व्यक्ति पनि संसदीय दलको सदस्य हुँदा उक्त दावीकै आधारमा गरिएको नियुक्ति संविधानसम्मत नै भएको मान्नुपर्दछ। पेश गरेको दावी उपयुक्त रहेको भन्ने प्रदेश प्रमुख विश्वस्त हुने अवस्थामा नियुक्ति गरिएको हो। यो विषय प्रदेश प्रमुखको

विशेषाधिकारयुक्त विषय हो। संविधानमा भएका अन्य धारासमेत हेरी Purposive व्याख्या हुनुपर्दछ भनी गर्नु भएको वहस जिकिरसमेत सुनियो।

१०. मुख्यमन्त्री खगराज अधिकारीको तर्फबाट उपस्थित विद्वान् मुख्य न्यायाधिवक्ता श्री कृष्ण प्रसाद अधिकारी, विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री रमेश बडाल, श्री रमण श्रेष्ठ, श्री रवि नारायण खनाल, श्री टीकाराम भट्टराई, श्री महेश कुमार नेपाल, श्री अमर थापा, श्री श्रीकान्त बराल, श्री इश्वरी प्रसाद भट्टराई तथा विद्वान् अधिवक्ताहरू श्री हर्क बहादुर रावल, श्री भोजराज अधिकारी, श्री हरि प्रसाद सुवेदी, डा. श्री राजेन्द्र घिमिरे, डा. श्री मुकुन्द अधिकारी, श्री सुरेन्द्र थापा, श्री अनन्तराज लुईंटेल, श्री सिर्जना सुवेदी, श्री शिवराम श्रेष्ठ, श्री कृपा पोखेल, श्री संगीत ढुंङ्गानाले संसदीय दलको नेताको हैसियतले र माननीय सदस्य राजिव गुरुङको समर्थन प्राप्त भएको अवस्थामा प्रदेश प्रमुखले माननीय खगराज अधिकारीलाई मुख्य मन्त्रीमा नियुक्ति गर्नु भएको हो । नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम दावी पेश गर्दा प्रत्येक प्रदेश सभा सदस्यको हस्ताक्षरयुक्त समर्थन नभई दलको समर्थन मात्र पर्याप्त हुन्छ । निवेदकले दावी गरे जस्तो निजले सरकार गठनको लागि सभामुखलाई हस्ताक्षर गराएको होइन । संविधानको धारा १६८ को उपधारा २ बमोजिम निजले बहुमत सिद्ध गर्न सक्ने वा नसक्ने कुरा धारा १६८ को उपधारा ४ बमोजिम विश्वासको मत लिए पछि स्पष्ट हुने विषय हो । संविधानको धारा १६८ को उपधारा १ बमोजिम बहुमतको सरकार गठन हुँदा सभामुख हुने व्यक्ति समेत गणना हुने अवस्था छ । यस्तो अवस्थामा धारा १६८ को उपधारा २ को प्रयोजनको लागि संविधानको धारा १६८ को सबै उपधारालाई हेरी व्याख्या गरिनुपर्दछ। संविधानको धारा १६८ को उपधारा २ मा नै बहुमत पुग्ने कुराको सुनिश्चितता चाहिने भन्ने परिकल्पना संविधानले गरेको भए उपधारा ४ मा विश्वासको मत लिनुपर्ने व्यवस्था गर्नुपर्ने थिएन। संविधानको धारा १६८ को उपधारा २ को बहुमत पुग्न सक्ने कुराको विश्वासको आधारमा प्रदेश प्रमुखले निर्णय गर्ने कुरा हो । संविधानको धारा १६८ को उपधारा ४ बमोजिम विश्वासको मत लिनुपर्ने भनी तोकेको अवधि बाँकी छँदैको अवस्थामा दायर भएको अपरिपक्व रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको वहससमेत सुनियो।

११. निर्णयतर्फ विचार गर्दा, मिसिल संलग्न निवेदन, लिखित जवाफ तथा वहस जिकिर समेतबाट मिति २०८०।१२।२१ मा गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री सुरेन्द्र पाण्डेले नेपालको संविधानको धारा १६९ को उपधारा १ को देहाय क बमोजिम राजिनामा दिएपछि सोही मितिमा संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीको दावी पेस गर्न सूचना प्रकाशित गरिएबमोजिम प्रदेश सभा सदस्य एवम् नेकपा (एमाले) का प्रदेश सभा संसदीय दलका नेता माननीय खगराज अधिकारीले गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्ति गरियोस् भन्ने दावी प्रस्तुत गरेको देखिन्छ।

१२. नेपालको संविधान धारा १६८ को उपधारा २ बमोजिम समर्थन प्राप्त गर्ने दलहरु नेकपा (एमाले) सदस्य संख्या-२२, नेकपा माओवादी सदस्य संख्या-८ , स्वतन्त्र सदस्य संख्या राजिव गुरुङ- १ गरी जम्मा ३१ संख्या सहित वहुमतको सदस्यसहितको दावी गरेकोमा मिति २०८०।१२।२५ मा नै नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेश प्रमुखवाट मुख्यमन्त्रीमा नियुक्ति गरेको देखिन्छ।

१३. सभामुखलाई समेत गणना गरी बहुमत प्राप्त गर्न सक्ने संख्या देखाई तोकिएको समयावधि अघि नै प्रदेश प्रमुखवाट भएको मुख्यमन्त्रीको नियुक्ति गैरसंवैधानिक ठहर गरी रिट निवेदकलाई संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सबैभन्दा बढी सदस्यहरुको संसदीय दलको नेताको हैसियतले मुख्यमन्त्री नियुक्ति गरी पाउँ तथा उक्त निर्णय नभएसम्म काम चलाउ मुख्यमन्त्रीको हैसियतले मलाई नै यथावत कायम राखी पाउँ भन्ने निवेदन दावी रहेको देखिन्छ।

१४. सामान्य अवस्थामा प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई नै मुख्य मन्त्री नियुक्त गरिने र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुने हो। प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्न सक्ने व्यवस्था रहेको देखिन्छ।

१५. प्रत्यर्थी माननीय खगराज अधिकारीले दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने भनी नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिमको मुख्यमन्त्री नियुक्ति गरी पाउन दावी लिई

प्रदेश प्रमुखसमक्ष दावी प्रस्तुत गरेकोमा वहुमत प्राप्त गर्न सक्ने अवस्थाको मूल्यांकन गर्न आवश्यक तथ्य, प्रमाण पेश गर्न लगाउने नलगाउने प्रदेश प्रमुखको सन्तुष्टि र विवेकको विषय हो। यो स्थितिको मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी प्रदेश प्रमुखको नै हो। वहुमत पुग्न सक्ने सामर्थ्यता देखाई दावी गरेको र प्रदेश प्रमुखले आफू समक्ष पर्न आएको दावीको सम्वन्धमा सन्तुष्ट रही नियुक्ति गरिएको भनिए तापनि त्यस्तो वहुमत पुग्न सक्ने सामर्थ्यता प्रारम्भिक रुपमा वस्तुपरक देखिनु पर्दछ। दावीको वहुमत पुग्न सक्ने सामर्थ्यता छ वा छैन भन्ने विषय प्रदेश प्रमुखको सन्तुष्टिको विषय भनिए तापनि उक्त दावी आत्मगत छ वा वस्तुगत छ, दलहरुको दावी यथार्थमा आधारित छ छैन दावीबाट सन्तुष्टि हुने पर्याप्त आधार छ वा छैन भन्ने सम्वन्धमा आवश्यक विवरण माग्न सक्ने विकल्प प्रदेश प्रमुखसँग रहेको छ र रहन्छ। तसर्थ वहुमत पुग्न सक्ने सामर्थ्यता यथार्थपरक र वस्तुपरक भएको सुनिश्चितता गर्नु प्रदेश प्रमुखको कर्तव्य समेत रहन्छ।

१६. प्रत्यर्थीहरुसँग दलहरुको वहुमतको समर्थनको दावी रहेता पनि संविधान, कानून तथा नजिर विपरीत सभामुखलाई समेत गणना गरी वहुमतको संख्या पुग्न सक्ने देखाइएको प्रश्नमा विचार गर्दा नेपालको संविधानको धारा १८६, धारा ९९ ले अध्यक्षता गर्ने व्यक्तिलाई मतदान दिने अधिकार नरहने र मत बराबर रहेको अवस्थामा मात्र निर्णायक मत (Casting Vote) दिने अधिकार अध्यक्षता गर्ने सभामुखलाई रहेको देखिन्छ। धारा १८२ को उपधारा ७ को व्यवस्था विशेष व्यवस्थाको रुपमा रहेको छ। अन्यथा धारा २९९ को उपधारा ५ बमोजिम सभामुख वा उपसभामुखले आफ्नो कार्य सम्पादन गर्दा राजनैतिक दलको पक्ष वा विपक्षमा नरही तटस्थ व्यक्तिको हैसियतले गर्नुपर्ने दायित्व रहेको छ। सभामुखको पद तटस्थ र स्वतन्त्र रहने पद नै हो। प्रदेश सभाको निर्वाचित सदस्यमा निजको नाम रहेता पनि राजनैतिक फाइदा बेफाइदाको गणनामा निजलाई प्रयोग गर्न मिल्ने देखिँदैन। प्रदेश सभामुख आफूले मुख्यमन्त्रीको दावीमा हस्ताक्षर नगरेको र आफू सोमा सहभागी पनि नरहेको भनी सार्वजनिक घोषणा समेत गरेको देखिन्छ। गण्डकी प्रदेशको जम्मा प्रदेश सभा सदस्य ६० जना रहेको र प्रत्यर्थी माननीय खगराज अधिकारीको दावीमा नेकपा माओवादी केन्द्रको सदस्य संख्यामा सभामुखलाई गणना

नगर्दा पनि प्रदेशसभा सदस्य ५९ जनामा ३० जनाको संख्या पुगेको देखिन्छ। सभामुखलाई गणना नगर्दा पनि दलहरुको समर्थनमा माननीय खगराज अधिकारीको वहुमत प्राप्त गर्न सक्ने दावी समर्थित देखिन्छ।

१७. जहाँसम्म प्रत्यर्थी प्रदेश प्रमुखले आफूले दिएको समयसम्म पनि दावी यो वा त्यो रुपमा दिन सक्ने विकल्पको समयसम्मलाई नकुरी , आफूले दिएको समयतालिकालाई आफैंले नमान्नु वा समय अघि नै निष्कर्षमा पुग्नु सूचनाको पवित्रताको मर्यादासम्म पनि नराखी हतास मानसिकतावाट निष्कर्षमा पुग्न खोजेको देखियो। समयसिमाको पालना स्वभाविक र सामान्य अपेक्षा हो। प्रदेश प्रमुख जतिको जिम्मेवार व्यक्ति सदैव यस्तो विषयमा सजग र सचेत पनि रहन आवश्यक छ। तर प्रस्तुत मुद्दामा प्रमुखले तोकेको समय सीमा भित्र निवेदकहरु वहुमत छ भनी दावी लिन सकेको देखिएन।

१८. फेरी कोशी प्रदेशको (०८०-WF-०००१) र (०८०-WF-००१२) विवाद र प्रस्तुत विवाद फरक अवस्था र प्रकृतिको देखिन्छ। ०८०-WF-००१२ को हिक्मत कुमार कार्कीको मुद्दामा नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिम मुख्यमन्त्री नियुक्त भएका र त्यसरी नियुक्त मुख्यमन्त्रीले धारा १६८ को उपधारा ४ वमोजिमको विश्वासको मत प्रस्ताव पारितको प्रक्रियामा अध्यक्षता गर्नु भएको अध्यक्ष मण्डलका सदस्य माननीय इस्माइल मन्सुरीले प्रदेश सभामा अध्यक्षता गरेको र उक्त प्रक्रियामा मतदानको समय सकिए पछि मतदान गरिसकेका अर्का माननीय संसदलाई अध्यक्षता गराई मत सच्याउने समयमा प्रस्तावको पक्षमा मत दिई पुनः अध्यक्ष मण्डलको हैसियतले अध्यक्षता गरेको र उनको मत जारी भएको प्रस्तावको पक्षमा वहुमत पुगेको घोषणा गरी प्रदेश प्रमुखलाई जानकारी दिएको देखिन्छ। ०८०-WF-०००१ को हकमा चार दलहरुसँगै सभामुख वावुराम गौतमसमेतको तर्फबाट हस्ताक्षर समेत गरी सरकार गठनको निमित्त दावी प्रस्तुत भएको र निजलाई समेत गणना गर्दा मात्र वहुमत पुग्न सकेको देखिन्छ।

१९. नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिमको प्रस्तुत गरेको बहुमतको तथ्यलाई खण्डित गर्न र त्यो भन्दा वढी वहुमत आफ्नो छ भनी निवेदकले दावी प्रस्तुत गर्न वा देखाउन

सकेको छैन अर्थात अहिले कै अवस्थामा आफ्नो वढी संख्या रहेको वा सो पुष्टि गरेको अवस्था पनि छैन। यस्तो अवस्थामा प्रस्तुत विवादको निराकरणको निमित्त नेपालको संविधानको धारा १६८ को उपधारा ४ वमोजिम सदनमा नै विश्वासको मतको माध्यमबाट दावी पुष्टि वा खण्डित गर्न वैधानिक वाटो संविधानले नै स्पष्ट गरेको छ। निवेदकले माननीय खगराज अधिकारीको मुख्यमन्त्रीको नियुक्ति धारा १६८ को उपधारा २ वमोजिम भईसकेको र त्यो भन्दा वढी संख्या वा वहुमत रिट निवेदकसँग छ भनी दावी लिन सकिएको देखिएन। रिट निवेदकलाई समर्थन गर्ने दलले आफ्नो समर्थन फिर्ता लिई आफ्नो वहुमत नरहेको कारणले नै रिट निवेदकले मुख्यमन्त्रीवाट राजिनामा दिई रिट निवेदक स्वयंले सरकार बनाउन मार्ग प्रशस्त गरेको अवस्थामा रहेको र पुनः आफ्नो वहुमत रहेको दावी प्रस्तुत गर्न नसकेको अवस्थामा धारा १६८ को उपधारा २ वमोजिम प्रदेश प्रमुखवाट नियुक्त भएको मुख्यमन्त्रीको अब वहुमत पुग्दछ वा पुग्दैन भनी परीक्षण गर्ने व्यवहारिक र सरल मार्ग भनेको धारा १६८ को उपधारा ४ कै प्रक्रिया हो। नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिम नियुक्ति भएको मुख्यमन्त्रीले नियुक्ति भएको ३० दिन भित्र विश्वासको मत प्राप्त गर्नुपर्ने र विश्वासको मत प्राप्त गर्न नसकेमा मात्र धारा १६८ को उपधारा ३ क्रियाशील हुने हो। नेपालको संविधानको धारा १६८ को उपधारा ४ को प्रक्रिया नै वाध्यात्मक प्रक्रिया हो, सो प्रक्रियामा राजनैतिक, संवैधानिक हस्तक्षेपको औचित्यता हुँदैन। उक्त प्रक्रियालाई अवरुद्ध गर्नु भन्दा संविधानले दिएको विकल्पमा नै मार्ग प्रशस्त गर्नुपर्ने देखियो।

७. नेपालको संविधानको धारा १६८ को उपधारा २ वमोजिम नियुक्त मुख्यमन्त्रीलाई धारा १६८ को उपधारा ४ वमोजिमको विश्वासको मत प्राप्त हुन सक्ने सम्भावना रही रहेकै अवस्थामा धारा १६८ को उपधारा ३ को विकल्पमा जान मिल्ने देखिएन। तसर्थ निवेदकको दावी संविधानको धारा १६८ को उपधारा ३ वमोजिम प्रदेश सभामा सवैभन्दा वढी सदस्यहरु भएका संसदीय दलको नेताका हैसियतले निवेदन दावी वमोजिम निवेदकलाई मुख्यमन्त्री नियुक्ति गरि पाउन परमादेश जारी गरिरहन पर्ने देखिंएन। धारा १६८ को उपधारा ४ को प्रक्रिया पूरा गर्दा प्रत्यर्थीले विश्वासको मत प्राप्त नगरेमा मात्र धारा १६८ को उपधारा ३ क्रियाशील हुने र

सोभएमा मात्र निवेदकको माग पूरा हुन सक्ने अवस्था सिर्जना हुन सक्ने हुँदा धारा १६८ को उपधारा २ वमोजिम नियुक्त मुख्यमन्त्रीको वहुमत रहे नरहेको वहुमतको वैधानिकता परीक्षण प्रदेश सभावाटै गर्न संवैधानिक, व्यवहारिक र अन्तिम विकल्प हुँदा सो विकल्पको वाटोको प्रयोग नभई अपरिपक्वताको (Prematurity) अवस्थामा देखिँदा रिट निवेदकको मागवमोजिमको आदेश जारी गरिरहन पर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत संक्षिप्त आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु। आदेशको पूर्णपाठ तयार हुन समय लाग्ने हुँदा यो संक्षिप्त आदेश तयार गरिएको छ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८१ साल वैशाख १७ गते रोज २ शुभम् --------------------------------